**अनुसूची- २**

**(दफा ४ तथा अनसूची-१ को भाग-१ सँग सम्बन्धित)**

**मोदी गाउँपालिका**

# स्थानीय राजपत्र

**खण्ड-३, संख्या-१३, मिति-२०७७/०३/१४**

**भाग-१**

नेपालको संविधान बमोजिम मोदी गाउँसभाले बनाएको देहाय बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**मोदी गाउँपालिका**

## मोदी गाउँपालिकाको विनियोजिन ऐन २०७७

मोदी गाँउपालिकाको आथिर्क बर्ष २०७७/०७८ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकमखर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना: मोदी गाउँपालिकाको आर्थिक बर्ष २०७७।०७८ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम मोदीगाउँ सभाले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस ऐनको नाम " मोदी गाउँपालिकाको विनियोजन ऐन, २०७७" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. आर्थिक वर्ष २०७७।०७८ को निमित्त सञ्चित कोषबाट रकमखर्च गर्ने अधिकार: (१)आर्थिक वर्ष

२०७७।०७८ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगतखर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी

जम्मा रकम रु ६२,५६,५९,००० ।-(बैसट्ठी करोड छपन्न लाख उनान्साठी हजार) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चितकोष बाट खर्च गर्न सकिनेछ ।

३. विनियोजनः (१) यस बिधेयकद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७६।०७७ को निमित्त मोदी गाउँपालिका, गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१)मा जुनसुकै कुरा लेखिएको भएतापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुगहुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुगहुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगतखर्च र वित्तीयव्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानीखर्च र व्याजभुक्तानीखर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीयव्यवस्था अन्तर्गत साँवा भुक्तानीखर्च तर्फ बिनियोजित रकम ब्याजभुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगतखर्च र वित्तीयव्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशतभन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।

अनुसूची-१
(दफा २ संग सम्बन्धित)
नेपालको संविधानको धारा २२९ (२)बमोजिम
संञ्चितकोष बाट विनियोजन हुने रकम

| क.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजिगत खर्च | वित्तीय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | | गाउँ कार्यपालिका | ४०,०३,१४,७५०। ( ६३.९८) (चालिस करोड तिन लाख चौध हजार सात सय पचास) | २२,५३,४४,२५०। (३६.०२) (बाइस करोड त्रिपन्न लाख चौवालिस हजार दुई सय पचास) | | |

**प्रमाणीकरण मिति : २०७५/०३/१४**

**आज्ञाले,**
**किसान बहादुर क्षेत्री**
**प्रमुख प्रशासकीय अधिकृत**